apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः २८० ● पृष्ठः ४ ● ०८ कार्तिक २०८३ आइतबार (25 October 2026, Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

# कमला पुलमा आश्वासनको राजनीति, सञ्चालनको मिति फेरिंदै
## मन्त्रीदेखि सांसदसम्मले पटक-पटक तोके समयसीमा, प्रतिबद्धता पूरा नहुँदा जनतामा निराशा

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक ०७ गते

सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीको पुल सञ्चालनमा ल्याउने विषयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद तथा मन्त्रीहरूले पटक-पटक समयसीमा घोषणा गरे पनि ती प्रतिबद्धता कार्यान्वयन हुन सकेका छैनन् । निरीक्षण, निर्देशन र आश्वासनको शृङ्खला चलिरहँदा पुल सञ्चालनको मिति भने निरन्तर पछाडि सर्दै गएको छ।



लामो समयदेखि निर्माण तथा पुनर्निर्माणको प्रक्रियामा अल्झिएको कमला पुल सञ्चालनका लागि विभिन्न समयमा सार्वजनिक गरिएका समयसीमा गुज्रिए पनि सर्वसाधारणले अझै पुलबाट आवतजावत गर्न पाएका छैनन् । एउटै पुलका लागि पटक-पटक नयाँ मिति घोषणा भइरहँदा जनप्रतिनिधिहरूको प्रतिबद्धता र निर्माणको वास्तविक अवस्थाबीचको अन्तरसमेत उजागर भएको छ।

तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले २०८२ मङ्सिरमा पुलको निरीक्षण गर्दै निर्माण कार्य तीव्र बनाउन निर्देशन दिएका थिए। उनले २०८३ असारभित्र पुल सञ्चालनमा ल्याउने लक्ष्य सार्वजनिक गरेका थिए । तर, उक्त समयसीमाभित्र पुल सञ्चालनमा आउन सकेन ।

त्यसपछि सिरहा क्षेत्र नम्बर २ का रास्वपा सांसद शिवशंकर यादवले २०८२ चैतमा मन्त्री सुनिल लम्साल तथा मन्त्रालयका सचिवसँग छलफलपछि असार मसान्तभित्र पुल सञ्चालन गर्ने गरी काम अघि बढेको बताएका थिए।

२०८३ जेठमा भौतिक पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले पुनः पुलको निरीक्षण गर्दै असार २५ गतेभित्र सञ्चालनमा ल्याउने गरी काम सम्पन्न गर्न निर्देशन दिए । उक्त निरीक्षणमा सिरहा-१ का सांसद बब्लु गुप्ता र सिरहा-२ का सांसद शिवशंकर यादवसमेत सहभागी थिए। सोही क्रममा निर्माण कम्पनीका प्रतिनिधिले १५ दिनभित्र आवतजावत गर्न मिल्ने गरी पुल सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएका थिए । तर, निर्माण कम्पनीको उक्त प्रतिबद्धतासमेत पूरा हुन सकेन।

**मिति थपिँदै, पुल सञ्चालन अनिश्चित**

२०८३ असोजमा मन्त्री सुनिल लम्सालले पुल सञ्चालनका लागि थप दुई महिनाको लक्ष्य सार्वजनिक गरे। त्यसपछि सांसद बब्लु गुप्ता र शिवशंकर यादवको सचिवालयबाट मङ्सिरदेखि पुल सञ्चालनमा ल्याउने तयारी भइरहेको विवरण सार्वजनिक भयो।

यसैबीच, कात्तिक ६ गते सांसद तपेश्वर यादवले पनि तीन महिनाभित्र पुल सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गरे। पुल निरीक्षणका क्रममा सिरहा-३ का सांसद शम्भु यादवसमेत सहभागी थिए।

तर, यसअघि असारभित्र, असार २५ गतेभित्र र त्यसपछि मङ्सिरदेखि सञ्चालनमा ल्याउने गरी सार्वजनिक गरिएका प्रतिबद्धताहरूको अवस्था हेर्दा नयाँ तीनमहिने प्रतिबद्धता पनि कार्यान्वयन हुनेमा आशङ्का पैदा भएको छ।

पटक-पटक निरीक्षण र निर्देशन भए पनि निर्माण कार्य किन निर्धारित समयमा सम्पन्न हुन सकेन भन्ने विषयमा सम्बन्धित निकायबाट स्पष्ट जवाफ सार्वजनिक भएको छैन । निर्माण कम्पनीले जनाएको प्रगति,

बाँकी पृष्ठ ३ ▶▶

# सप्तरीमा महिलामाथि सामूहिक बलात्कार, संलग्नको खोजी



अपन दैनिक संवाददाता
सप्तरी, कार्तिक ०७ गते

सप्तरीको सुरूङ्गा नगरपालिका-९ टिकुलियामा एक २५ वर्षीय दलित महिलामाथि सामूहिक बलात्कार भएको आरोपमा प्रहरीले तीन जना युवकको खोजी गरिरहेको छ।

सिरहा जिल्ला घर भएकी ती महिला विजयादशमी मनाउन बहिनीको घरमा आएकी थिइन्। गत बुधबार दुर्गा पूजाको मूर्ति जलप्रवाहका लागि गाउँबाट पश्चिमतर्फको बलान नदी पुगेकी उनी जलप्रवाहपछि ट्याक्टरमा फर्किँदै थिइन्। बाटोमा ट्याक्टरको डिजेल सकिएर रोकिएपछि उनी एक्लै पैदल घरतर्फ जाने क्रममा घटना भएको प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ।

प्रहरीका अनुसार बाटो छेउमा बसेका तीन जना युवकले महिलालाई नियन्त्रणमा लिएर मुख थुनी नजिकैको आँपको बगैँचामा लगेर जबर्जस्ती करणी गरेको आरोप छ। त्यसपछि उनीहरू महिलालाई बेहोस अवस्थामा छाडेर फरार भएको पीडितले बताएकी छन्।

बाँकी पृष्ठ ४ ▶▶

# स्थानीय तहमा गैरदलीय निर्वाचन गर्न माग

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक ०७ गते

गैरदलीय स्थानीय निर्वाचन अभियानले स्थानीय तहको निर्वाचनलाई दलीय प्रभावबाट मुक्त बनाउन माग गरेको छ।




सिरहा सदरमुकामस्थित सिरहा पुस्तकालयमा शनिबार आयोजित बहस कार्यक्रममा अभियानले स्थानीय निर्वाचनमा राजनीतिक दलबीचको प्रत्यक्ष प्रतिस्पर्धा अन्त्य गरी स्थानीय सरकारलाई विकास निर्माण र जनसेवामा केन्द्रित गर्नुपर्नेमा जोड दिएको हो। स्थानीय तहमा दलीय प्रतिस्पर्धाले समाजमा राजनीतिक विभाजन, असहिष्णुता र द्वन्द्व बढाएको अभियानको निष्कर्ष छ।

निर्वाचनका बेला पार्टीगत

बाँकी पृष्ठ २ ▶▶

# राजर्षिजनक र नेपाल संस्कृत विश्वविद्यालयले 'मिथिला सम्पदा संवाद शृङ्खला' आयोजना गर्ने

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक ०७ गते

राजर्षिजनक विश्वविद्यालय र नेपाल संस्कृत विश्वविद्यालयको संयुक्त आयोजनामा 'मिथिला सम्पदा संवाद शृङ्खला' आयोजना हुने भएको छ।

शृङ्खलामा मिथिलाको भाषा, दर्शन, संस्कृति र कलाका विविध पक्षमा छलफल तथा विचारविमर्श हुने भएको हो।

मिथिलाको प्राचीन सभ्यता, बौद्धिक परम्परा, दार्शनिक धरोहर र सांस्कृतिक पहिचानलाई उजागर तथा प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको हो।

मिथिलाको भाषा, दर्शन, संस्कृति र कला साझा अमूल्य सम्पदा भएकाले यसको गौरवशाली इतिहास र कलात्मक पहिचानको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमले योगदान पुऱ्याउने आयोजकले जनाएको छ।

# डोम समुदायका पेसा सङ्कटमा



अपन दैनिक संवाददाता
सप्तरी, कार्तिक ०७ गते

तराई मधेशमा विवाह तथा चाडपर्वमा प्रयोग हुने कोनिया, नाङ्लो, ढक्की, चँगेरी बनाएर जीविकोपार्जन गर्दै आएका मरिक (डोम) समुदायको पेसा सङ्कटमा परेको छ।

यस समुदायको पुर्ख्यौली पेसा ढक्की, कोनियालगायत बाँसको सामग्री बनाउने भए पनि परिश्रम अत्यधिक र आम्दानी न्यून भएपछि यस पेसाबाट आएको आम्दानीले उनीहरूलाई आफ्नो परिवारको खर्च टार्न समस्या हुँदै

बाँकी पृष्ठ ३ ▶▶

सुरक्षित यात्रा गरौं ।
❖ सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
❖ सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
❖ बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।
दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड








प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

# लामीडाडाः विमानस्थलको अधुरो सपना र पर्यटनको नयाँ सम्भावना

सिरहाको गोलबजार नगरपालिका-३ स्थित लामीडाँडा आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएको छ । कुनै समय विमानस्थल निर्माणको महत्वाकांक्षी योजनाका कारण चर्चामा रहेको यो क्षेत्र अहिले प्राकृतिक सौन्दर्य, शान्त वातावरण र वनभोजस्थलका रूपमा आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ। यसले लामीडाँडाको विकासका लागि नयाँ सम्भावनाको ढोका खोलेको छ। तर, सम्भावना देखिनु मात्रै पर्याप्त छैन्, त्यसलाई दिगो उपलब्धिमा बदल्न योजनाबद्ध प्रयास आवश्यक छ। पूर्व-पश्चिम राजमार्गबाट करिब सात किलोमिटर उत्तरमा रहेको लामीडाँडा घना साल वन, स्वच्छ वातावरण, खुला भू-भाग र प्राकृतिक शान्तिका कारण आकर्षणको केन्द्र बन्दै गएको छ। सिरहा, सप्तरी, धनुषा, सर्लाही, महोत्तरी र उदयपुरलगायत जिल्लाबाट दैनिक सयौं मानिस घुमफिर, वनभोज तथा पारिवारिक भेटघाटका लागि यहाँ पुग्छन्। पर्याप्त प्रचारप्रसार र पूर्वाधार विकासबिना नै पर्यटकको आकर्षण बढ्नु यस क्षेत्रका लागि सकारात्मक अवसर हो।

लामीडाँडाको इतिहास विमानस्थल निर्माणको योजनासँग पनि जोडिएको छ। २०६६ देखि २०७२ सालसम्म विभिन्न मन्त्री, प्राविधिक तथा सरकारी टोलीले यहाँ विमानस्थल निर्माणको सम्भाव्यता अध्ययन गरेका थिए। आवश्यक प्रक्रिया अगाडि बढेको भनिए पनि राजनीतिक परिवर्तन, सरकारी नीति र प्राथमिकतामा आएको फेरबदलका कारण योजना कार्यान्वयन हुन सकेन्। विमानस्थल निर्माणको सपना अधुरै रह्यो र लामो समयसम्म यो क्षेत्र ओझेलमा परिरह्यो। तर विकासको सम्भावना एउटा योजनाको असफलतासँगै समाप्त हुँदैन्। विमानस्थल निर्माण हुन नसके पनि लामीडाँडाको प्राकृतिक सम्पदा र भौगोलिक विशेषताले यसलाई अर्को पहिचान दिने सम्भावना बोकेको छ। आज बढ्दै गएको पर्यटकीय आकर्षणले यही सन्देश दिएको छ। अब लामीडाँडालाई अधुरो विमानस्थल योजनाको स्मृतिमा सीमित राख्ने होइन, प्रकृतिमा आधारित पर्यटनको सम्भावनालाई योजनाबद्ध रूपमा अगाडि बढाउनुपर्छ। करिब ३८९ हेक्टर क्षेत्रफलमा फैलिएको वनलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने प्रयासमा स्थानीय समुदाय र सामुदायिक वन उपभोक्ता समूहको सक्रियता महत्त्वपूर्ण छ। स्थानीयस्तरबाट सुरु भएको यस्तो पहललाई सरकारको योजनासँग जोड्न सकिए लामीडाँडा घुमफिर र वनभोज गर्ने ठाउँमा मात्र सीमित रहनेछैन्। यसले स्थानीय रोजगारी, साना व्यवसाय, कृषि उपजको बजार र समग्र आर्थिक गतिविधि विस्तारमा समेत योगदान दिन सक्छ। पर्यटनको विकासबाट स्थानीय बासिन्दाले प्रत्यक्ष लाभ पाउने वातावरण निर्माण गर्नु यसको प्रमुख उद्देश्य हुनुपर्छ। यसका लागि सबैभन्दा पहिले लामीडाँडाको व्यवस्थित विकास योजना आवश्यक छ। पर्यटकका लागि सहज पहुँचमार्ग, सुरक्षित आवागमन, खानेपानी, सरसफाइ, शौचालय, फोहोर व्यवस्थापन, विश्रामस्थल, पार्किङ र आवश्यक सूचना संकेतको व्यवस्थानमा प्रविधिमैत्री काम हुनुपर्छ। पर्यटकको सङ्ख्या बढ्दै जाँदा वन क्षेत्रमा प्लास्टिकजन्य फोहोर, आगलागी, वन्यजन्तुको बासस्थानमा असर र प्राकृतिक सम्पदाको क्षयीकरणजस्ता जोखिम पनि बढ्न सक्छन्। त्यसैले पूर्वाधार निर्माणसँगै वातावरण संरक्षणलाई प्राथमिकतामा राख्नुपर्छ। विकासका नाममा वनको प्राकृतिक स्वरूप नष्ट गर्नु हुँदैन्। लामीडाँडाको मुख्य सम्पत्ति नै यसको प्राकृतिक सौन्दर्य र जैविक विविधता हो।

लामीडाँडाको विकासमा स्थानीय, प्रदेश र संघीय सरकारबीच समन्वय तथा सहकार्य अपरिहार्य छ । गोलबजार नगरपालिकाले स्थानीय आवश्यकता पहिचान गरी विस्तृत योजना तयार गर्नुपर्छ । मधेश प्रदेश सरकारले पर्यटन पूर्वाधार, प्रचारप्रसार र बजेट व्यवस्थापनमा सहयोग गर्नुपर्छ। संघीय सरकारले नीतिगत सहजीकरण, प्राविधिक सहयोग र आवश्यक स्रोत परिचालनमा भूमिका खेल्नुपर्छ । तीनै तहका सरकारबीच साझा योजना र प्राथमिकताका आधारमा काम गर्न सके लामीडाँडालाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सकिन्छ। त्यसैगरी, विकास प्रक्रियामा स्थानीय समुदाय र सामुदायिक वन उपभोक्ता समूहको सहभागिता सुनिश्चित गरिनुपर्छ। पर्यटनबाट हुने आम्दानी र अवसर स्थानीय नागरिकसम्म पुग्ने व्यवस्था मिलाउनुपर्छ। स्थानीय युवालाई पर्यटनसम्बन्धी सीप र उद्यममा प्रोत्साहित गर्ने, स्थानीय उत्पादनको बिक्री बढाउने तथा पर्यटकलाई स्थानीय संस्कृति र जीवनशैलीसँग परिचित गराउने कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसले पर्यटनलाई मनोरञ्जनको माध्यम नभई स्थानीय अर्थतन्त्रको आधार बनाउन सहयोग पुऱ्याउनेछ । लामीडाँडाको प्रचारप्रसार पनि उत्तिकै महत्त्वपूर्ण छ । व्यवस्थित सूचना, विश्वसनीय प्रचार सामग्री, डिजिटल माध्यमको उपयोग र आसपासका अन्य पर्यटकीय क्षेत्रसँग जोडेर पर्यटन मार्ग निर्माण गर्न सकिए आन्तरिक पर्यटकको आकर्षण अझ बढाउन सकिन्छ । तर प्रचारप्रसारभन्दा पहिले पर्यटकले पाउनुपर्ने आधारभूत सुविधा र सुरक्षाको सुनिश्चितता हुनुपर्छ। पर्यटकीय गन्तव्यको पहिचान प्रचारले मात्र होइन, त्यहाँ पुग्ने व्यक्तिले प्राप्त गर्ने अनुभवले स्थापित गर्छ। लामीडाँडाको वर्तमान अवस्थाले एउटा महत्त्वपूर्ण पाठ सिकाएको छ । विकासका लागि ठूला र महँगा आयोजना मात्र आवश्यक हुँदैनन्, उपलब्ध प्राकृतिक सम्पदाको संरक्षण, स्थानीय सहभागिता र दूरदर्शी योजनाबाट पनि नयाँ सम्भावना सिर्जना गर्न सकिन्छ । विमानस्थल निर्माणको अधुरो सपना इतिहासको एउटा अध्याय हो, तर पर्यटनको सम्भावना वर्तमानको अवसर र भविष्यको आधार बन्न सक्छ। त्यसैले यो अवसरलाई बेवास्ता नगर्ने राजनीतिक इच्छाशक्ति र जिम्मेवार सरकारी पहल जरुरी छ। लामीडाँडालाई मौसमी वनभोजस्थलमा सीमित राख्ने कि व्यवस्थित, स्वच्छ, सुरक्षित र दिगो पर्यटकीय गन्तव्य बनाउने भन्ने निर्णय आवश्यक छ। तीनै तहका सरकार, स्थानीय समुदाय र सामुदायिक वन उपभोक्ता समूह एकजुट भएर अघि बढेमा लामीडाँडाले सिरहाको मात्र नभई समग्र मधेश प्रदेशको पर्यटन विकासमा योगदान दिन सक्छ । विमानस्थलको सपना अधुरो रहेपनि लामीडाँडाको भविष्य अधुरो रहनु हुँदैन् । प्राकृतिक सम्पदाको संरक्षण गर्दै यसलाई पर्यटनको नयाँ सम्भावनामा बदल्नु नै अहिलेको आवश्यकता हो। त्यसैले आन्तरिक पर्यटनको केन्द्रको रुपमा विकास गर्ने सहकार्य र समन्वय नितान्त जरुरी छ।

# नेकपाले एमालेसँग पार्टी एकता नगर्ने, 'जनताको आलोचना सुन्न' गाउँ फर्कने



विगतका कमजोरीहरूप्रति आत्मआलोचित बन्दै र पार्टीभित्र नेतामुखी तथा केन्द्रमुखी प्रवृत्ति बढेको स्वीकार गर्दै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) दुई महिने राष्ट्रिय जागरण अभियानमा होमिएको छ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा शनिबार आयोजित पत्रकार सम्मेलनमार्फत मंसिर २५ गतेसम्म चल्ने यस देशव्यापी अभियानको औपचारिक उद्घाटन गरिएको हो।

अभियानको शुभारम्भ गर्दै नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले विगतका उपलब्धि र कमजोरीको समीक्षा अब शीर्ष नेताहरूले मात्र गरेर नपुग्ने भएकाले जनताको आलोचना सुन्न गाउँ-गाउँ जान लागिएको बताए।

'विगतका कमजोरी र उपलब्धिको समीक्षा अब नेताहरूले मात्रै गरेर पुग्दैन,' संयोजक प्रचण्डले भने, 'जनताको तहमा पुगेर उनीहरूकै मुखबाट आलोचना सुन्नुपऱ्यो र त्यसलाई आत्मसात् गर्नुपऱ्यो। देशका तमाम अप्ठ्याराहरूलाई पार गर्न नयाँ संकल्पसहित अघि बढ्न यो अभियान थालिएको हो।'

उनले नेता-कार्यकर्तालाई जनताका बीचमा विनम्र भएर जान र भाषणभन्दा कामबाट विश्वास जित्न निर्देशन दिए।

जागरण अभियानका अवसरमा नेकपाले सार्वजनिक अपिल जारी गर्दै कम्युनिस्ट पार्टीको मुख्य आधार मानिने किसान, मजदुर, श्रमजीवी, गरिब तथा उत्पीडित वर्गसँगको सम्बन्ध कमजोर बन्दै गएको औपचारिक रूपमा स्वीकार गरेको छ।

अपिलमा जनमुखीभन्दा नेतामुखी तथा गाउँमुखीभन्दा केन्द्रमुखी प्रवृत्ति बढेको उल्लेख गर्दै जनताको जीवन र अपेक्षासँग नजोडिएको राजनीति दिगो हुन नसक्ने निष्कर्ष निकालिएको छ।

आफ्ना विगतका कामको इमानदारीपूर्वक समीक्षा गरी गल्तीहरूप्रति आत्मआलोचित बन्दै गुमेको जनविश्वास पुनः आर्जन गर्नु पार्टीको मुख्य दायित्व भएको अपिलमा औंल्याइएको छ।

यस अभियानका क्रममा पार्टीका केन्द्रीय नेताहरूकै कमान्डमा गाउँ, वडा र टोलसम्म पुगेर किसान, मजदुर, युवा, विद्यार्थी, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक समुदाय, बुद्धिजीवी, कर्मचारी र व्यवसायीसँग प्रत्यक्ष संवाद गरिनेछ।

अभियान केवल गुनासो सुन्नेमा सीमित नभई समस्या समाधानको पहलकदमी लिन केन्द्रित हुने नेकपाले जनाएको छ । महँगी, बेरोजगारी, कालोबजारी, भ्रष्टाचार, आर्थिक असुरक्षा, सार्वजनिक सेवाको ढिलासुस्ती, सुकुम्बासी र वैदेशिक रोजगारीका समस्याबारे तल्लो तहबाट तथ्य संकलन गरिनेछ।

संकलित समस्याहरूलाई प्रतिवेदनका रूपमा तयार पारी सम्बन्धित सरकारी निकायमा मागपत्र तथा ज्ञापनपत्र बुझाउने र समाधानका लागि भएका प्रयासबारे पुनः जनतालाई जानकारी गराउने पार्टीको कार्यतालिका छ।

अपिलमार्फत नेकपाले वर्तमान दुईतिहाइको सरकार जनअपेक्षा पूरा गर्न पूर्णतः असफल भएको दाबी गरेको छ। सरकार गठनपछि महँगी, बेरोजगारी र युवा पलायन झनै बढेको तथा सरकार फरक मतप्रति असहिष्णु बन्दै अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउन र लोकतान्त्रिक संस्थामाथि हस्तक्षेप गर्न उद्यत रहेको आरोप पार्टीले लगाएको छ।

यस्तै, रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट भएको जनधनको क्षति र बेपत्ताको खोजी तथा उद्धारमा राज्यले चरम लापरबाही देखाएको भन्दै नेकपाले आपत्ति जनाएको छ। पीडितलाई तत्काल राहत, सुरक्षित पुनर्स्थापना र क्षतिग्रस्त पूर्वाधारको शीघ्र पुनर्निर्माण गर्न माग गरिएको छ।

### एमालेसँग पार्टी एकताको सम्भावना छैन : प्रचण्ड

पत्रकार सम्मेलनमा संयोजक प्रचण्डले नेकपा (एमाले) सँग तत्काल पार्टी एकताको कुनै सम्भावना नरहेको स्पष्ट पारे।

'राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक अधिकार र देशको हितका लागि जोसँग पनि सहकार्य हुन सक्छ, तर यसको अर्थ एमालेसँग पार्टी एकता हुन्छ भन्ने होइन,' उनले भने। उनले दुवै दलको चरित्र फरक रहेको दाबी गरे।

तत्कालीन नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) सहित २६ वटा साना-ठूला कम्युनिस्ट घटकहरू मिलेर वर्तमान नेपाली कम्युनिस्ट पार्टी बनेको प्रस्ट्याउँदै उनले माओवादी अस्तित्वबारे भ्रम नछर्न आग्रह गरे।

सुशासन र सामाजिक न्यायको पक्षमा काम गरिरहेकै बेला संसद्का दुई ठूला दल (कांग्रेस र एमाले) मिलेर आफूलाई सरकारबाट हटाएको उनको आरोप थियो।

### ३५ वर्षमा केही भएन भन्ने भाष्य तथ्यहीनः माधवकुमार नेपाल

नेकपाका सहसंयोजक माधवकुमार नेपालले पुराना दल र नेताहरूले विगत ३५ वर्षमा केही काम नै गरेनन् भन्ने भाष्यलाई तथ्य र प्रमाणका आधारमा पुष्टि गर्न चुनौती दिए।

'पुराना दल र नेताले केही गरेनन्, देशमा केही भएन भन्ने भाष्य कति सही हो, कति गलत ? मनोगत ढंगले आरोप लगाएर हुँदैन, तथ्यगत रूपमा पुष्टि गर्नुपर्छ,' सहसंयोजक नेपालले भने, 'तथ्यले पुष्टि गर्छ भने कमजोरी स्वीकार्न तयार छौं, तर तथ्यले खण्डन गर्छ भने त्यसलाई अस्वीकार गरिन्छ।'

विगतका जोखिमपूर्ण काम र उपलब्धिको जस नदिई अपजस मात्रै पुराना दलमाथि थोपर्ने प्रवृत्ति गलत रहेको बताउँदै उनले पुराना पार्टीहरूले विगतका कमजोरी सच्याउँदै अघि बढ्नुपर्ने धारणा राखे।

मंसिर २५ सम्म चल्ने अभियान अवधिभर पार्टी समायोजनका बाँकी काम टुंग्याउने, सदस्यता नवीकरण गर्ने र संगठनलाई जगैदेखि सुदृढ बनाउने नेकपाको योजना छ।

पार्टीका नेता तथा कार्यकर्तालाई श्रम र उत्पादनसँग जोड्दै राष्ट्रिय पुँजीको विकास, कृषि तथा उद्योगको आधुनिकीकरण र न्यायपूर्ण वितरणमार्फत समाजवाद निर्माणको आधार तयार पार्ने कार्यदिशामा अघि बढ्न नेकपाले आह्वान गरेको छ।

# जनकपुर प्रादेशिक अस्पतालमा नवजात शिशु साटिएको भन्दै डीएनए परीक्षणको माग




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, कार्तिक ०७ गते**

जनकपुरस्थित प्रादेशिक अस्पतालमा जन्मिएको नवजात शिशु साटिएको भन्दै डीएनए परीक्षण गराइदिन माग गरिएको छ।

महोत्तरीको भङ्गहा नगरपालिका-९ निवासी २४ वर्षीय अरुण सदाले आफ्नो बच्चा साटिएको आशंका गर्दै जिल्ला प्रहरी कार्यालय धनुषामा निवेदन दिएका हुन्।

बाँकी पृष्ठ ३ ▶▶

## स्थानीय तहमा गैरदलीय निर्वाचन .............

ध्रुवीकरणले सामाजिक सद्भाव कमजोर बनाउनुका साथै विकास निर्माणका कामसमेत राजनीतिक आग्रह-पूर्वाग्रहबाट प्रभावित हुने गरेको अभियानले जनाएको छ । बहुदलीय संसदीय व्यवस्थामा राजनीतिक दलको भूमिका अस्वीकार गर्न नसकिने भए पनि स्थानीय तहलाई दलीय शक्ति प्रदर्शनको थलो नभई जनताको आवश्यकता सम्बोधन गर्ने माध्यम बनाउनुपर्ने अभियानको तर्क छ।

बहसमा सहभागी पूर्वमन्त्री सुरेशकुमार मण्डलले स्थानीय निर्वाचनलाई पार्टीगत प्रतिस्पर्धाभन्दा माथि उठाएर जनसरोकार, विकास र सामाजिक एकतासँग जोड्नुपर्ने बताए।

प्रधानमन्त्री वालेन्द्र शाह र राष्ट्रिय स्वतन्त्र पार्टीले यसअघि स्थानीय निर्वाचन गैरदलीय बनाउने प्रतिबद्धता व्यक्त गरेको उल्लेख गर्दै अभियानले त्यसलाई व्यवहारमा उतार्न आग्रह गरेको छ । 'यसका लागि संविधान संशोधन अनिवार्य छैन,' अभियानका अगुवा रामरिझन यादवले भने, 'संघीय संसद्मा ऐन ल्याएर वा अध्यादेशमार्फत पनि प्रतिबद्धता कार्यान्वयन गर्न सकिन्छ।'

## आजको राशिफल

**मेष :** हरेक काममा घाटा हुनेछ। अप्ठेरो काममा तपाईंलाई अघि लगाउनेको संख्या ठुलो छ।

**बृष :** तपाईंले सुरु गरेको काम सहजै बन्नेछ। राज्यका तर्फबाट सेवामुलक कामको सुरुवात हुनेछ।

**मिथुन :** तपाईंको बोलीको प्रभावले राम्रो काम बन्नेछ। विदेश यात्रा हुने योग छ। धन आर्जन हुनेछ।

**कर्कट :** दिन धेरै राम्रो छ। स्वदेशमा रोजगारीको अवसर प्राप्त हुनेछ। परिवारसँगको सम्बन्ध सहज बन्नेछ।

**सिंह :** दिन सामान्य छ । बोलीका कारण काम बन्ने दिन छ । मानसम्मान प्राप्त हुनेछ। प्रेम सम्बन्ध भने सुमधुर बन्नेछ।

**कन्या :** दिन राम्रो छ । परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ । साथीसँगको भेटले मन शान्त बन्नेछ।

**तुला :** व्यवहार गर्दा सचेत बन्नुपर्ने छ। स्वास्थ्यमा सुधारका संकेत देखिने छन्। परिवारसँगको सम्बन्ध सुमधुर बन्ने योग छ।

**वृश्चिक :** दिन राम्रो छ। राजनीतिक क्षेत्रमा साथीहरु दाहिने भएकाले पहुँच बढाउन हिम्मत गर्नुपर्नेछ।

**धनु :** व्यापारमा लाभ हुने दिन छ। शिक्षा र बौद्धिक क्षेत्रको लगानीबाट आंशिक फाइदा हुनेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

**मकर :** सहकार्य गरेर अगाडि बढ्नुपर्ने दिन छ। स्वास्थ्यमा सुधार हुनेछ। विपक्षी साथीको साथमा तपाईंको काम बन्नेछ।

**कुम्भ :** दिन राम्रो छ। पुराना साथीसँग भेट हुनेछ। नयाँ योजना बन्दा मनमा खुसी मिल्ने छ।

**मीन :** दिन धेरै राम्रो छ। दैनिक काममा सुधार हुनेछ। अग्रजको साथमा गरेको काम सफल बन्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# ‘क्यान्डिडेट क्लब’को अभ्यास रास्वपाको अनैतिक राजनीतिको सुरुवात होः प्रभु साह

**अपन दैनिक संवाददाता**
**वीरगञ्ज, कार्तिक ०७ गते**

आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले घोषणा गरेको ‘क्यान्डिडेट क्लब’ को आलोचना गरेका छन्। ‘क्यान्डिडेट क्लब’ अनैतिक राजनीतिको सुरुवात भएको उनको भनाइ छ।

शनिबार वीरगञ्जमा बसेको आजपाको मधेश प्रदेश कमिटी बैठकलाई सम्बोधन गर्दै स्थानीय तहलाई निर्दलीय बनाउने भन्दै भोट मागेको रास्वपाले अहिले उम्मेदवार छनोटका लागि ‘क्यान्डिडेट क्लब’ गठन गर्नु विरोधाभासपूर्ण भएको बताए। रास्वपाले चुनावका बेला एउटा कुरा गर्ने र व्यवहारमा अर्कै अभ्यास गर्न खोजेको उनको भनाइ थियो।

साहले रास्वपाका नेता कार्यकर्ताहरूमा देश र जनताको भन्दा पद र कुर्सीप्रतिको चिन्ता बढी देखिएको आरोपसमेत लगाए।

उनले भने, ‘घण्टीहरूलाई कुर्सीको मात्रै चिन्ता छ। चुनाव कसरी जित्ने, कसरी पद पाउने भन्ने मात्रै चिन्ता देखियो। देश र जनताका बारेमा यिनीहरूलाई कुनै चिन्ता छैन। यस्तो अवसरवादी सोच भएकाहरूबाट सचेत हुनुपर्छ।’

साहले रास्वपाका कार्यकर्ताहरू सामाजिक सञ्जालमा उग्र रूपमा प्रस्तुत हुने गरेको आरोप लगाए। सामाजिक सम्बन्धको महत्त्व नबुझ्दा उनीहरूले सामाजिक सञ्जालमा गालीगलौज गर्ने गरेको शाहको भनाइ थियो।



# दसैं मनाएर काठमाडौं फर्किने यात्रुको चाप बढ्दै

**अपन दैनिक संवाददाता**
**काठमाडौं, कार्तिक ०७ गते**

दसैं मनाउन काठमाडौं उपत्यकाबाट बाहिरिएका यात्रुहरू फर्किन थालेका छन्। यात्रु र सवारीसाधनको सङ्ख्या बढेसँगै उपत्यका भित्रिने प्रमुख नाकाहरूमा सवारी चाप बढ्न थालेको छ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार नागढुङ्गा-कलङ्की, जडीबुटी-कोटेश्वर, भक्तपुरको जगाती तथा दक्षिणकाली-फर्पिङलगायतका सडकखण्डमा सवारीसाधनको चाप बढेको छ।



उपत्यका फर्किने यात्रुको सङ्ख्या दिनहुँ बढ्न थालेपछि आवागमन सहज बनाउने, सवारी चाप व्यवस्थापन गर्ने तथा सम्भावित दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सडकमा निगरानी बढाइएको कार्यालयले जनाएको छ।

उपत्यकाका प्रमुख नाकाहरूबाट दैनिक निजी कार, जिप, मोटरसाइकल तथा साना-ठूला सार्वजनिक सवारीसाधन गरी करिब एक हजार सवारीसाधन आवतजावत गर्ने गरेका छन्।

यस वर्ष दसैं मनाउन घटस्थापनादेखि कात्तिक ३ गतेसम्म पाँच लाख ७६ हजारभन्दा बढी यात्रु काठमाडौं उपत्यकाबाट बाहिरिएका थिए। दसैं बिदा सकिएसँगै उनीहरू उपत्यका फर्किने क्रम बढेको छ।

## डोम समुदायका पेसा ............

आएको हो। दिनप्रतिदिन महँगी बढ्दै गएको र आम्दानी सीमित भएकाले यस समुदायको पेसा सङ्कटमा परेको हो।

याममा जसोतसो छाक टार्न सहज भए पनि अन्य समयमा छाक टार्ने समस्या हुँदै आएको जिल्लाको तिरहुत गाउँपालिका-३ का ७० वर्षीय भजु मरिकले बताए। उनले भने, ‘विवाह र चाडपर्वको बेला ठिकै आम्दानी भए पनि अन्य समयमा दुई छाक टार्नसमेत समस्या हुँदै आएको छ। बाँसको सामान बनाउन समय धेरै लाग्ने र दाम भनेजस्तो पाउन नसकेपछि समस्या हुँदै आएको छ।’

ढक्की, कोनियालगायत सामग्री तयार पार्नका लागि एउटा बाँस किन्दा रु २०० देखि ३०० तिर्नुपर्छ। एउटा बाँसको दिनभरि तीनवटा सामग्री बनाउँदा एक हजारसम्म आउँछ। यसमा खर्च काटेर ७०० भन्दा बढी सिजनमा दिनको आम्दानी हुँदै आए पनि यामबाहेकको बेला बनाएको सामाग्री बिक्रीवितरण गर्न मुस्किल हुँदै आएपछि छाक टार्न समस्या हुँदै आएको बताए।

छोराहरू यही पेसामा काम गरेर जसोतसो जीविकोपार्जन गरे पनि नातिहरू यो पेसामा मेहनत बढी र आम्दानी कम हुने डरले अर्कै पेसा अपनाउन थालेको उनको भनाइ छ। उनले भने , ‘हाम्रो जातले बनाएको नियमअनुसार आफ्नो एरियाबाहेकमा गएर आफूले बनाएको सामग्री बिक्रीवितरण गर्न नपाइने हुनाले पनि यस पेसामा टिक्न हाम्रो समुदायलाई समस्या भएको छ।’

डोम समुदायको आफ्नै नियम हुन्छ। क्षेत्र तोकेकोबाहेक आफूले बनाएको सामग्री बिक्रीवितरण गर्न नपाइने हुनाले यस समुदायको पेसा सङ्कटमा परेको राजविराज नगरपालिका-१३ कि रिना मरिकले बताए।

उनले भने, ‘श्रीमान् अपाङ्ग हुनुहुन्छ। काम गर्न सक्नुहुन्न। मैले काम गरेर आएको आम्दानीले परिवार पाल्नुपर्ने बाध्यता छ। बाँसको सामग्री सिजनमा मात्र खरिदबिक्री हुने भएकाले अन्य बेला छाक टार्नै समस्या हुँदै आएपछि सिजनबाहेक अन्य समयमा अन्य काम गरेर जीविकोपार्जन गर्नुपर्ने बाध्यता छ।’

जिल्लाका दलित अभियन्ता युक्ति मरिकले यामबाहेकको अवस्थामा यस पेसाबाट आम्दानीको अभावले हाम्रो समुदायलाई जीविकोपार्जनमा समस्या भएपछि यस पेसाबाट विस्थापित हुने अवस्था आएको बताए।

उनले भने, ‘हाम्रो समुदायको पेसालाई दिगो बनाउन व्यवसायी रूपमा आर्थिक सशक्तीकरणका लागि सरकारले ध्यान दिन आवश्यक छ।’

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क ०३३-५२१२१४

## जनकपुर प्रादेशिक अस्पतालमा नवजात शिशु साटिएको भन्दै ............

अरुणका अनुसार, उनकी २० वर्षीया पत्नी सरिता सदालाई प्रसव व्यथा लागेपछि शुक्रबार अपराह्न ४ बजे जनकपुर प्रादेशिक अस्पतालमा भर्ना गरिएको थियो।

साँझ ६ बजेर ३७ मिनेटमा उनले बच्चा जन्माएकी थिइन्। अरुणले बच्चा जन्मिएपछि आफू र घरका अन्य सदस्यलाई देखाउँदा छोरा रहेको तर केही समयपछि हेर्दा छोरी देखिएको दाबी गरेका छन्। अस्पतालका नर्सले पनि छोरी नै भएको बताएपछि बच्चा साटिएको आशंका उत्पन्न भएको उनको भनाइ छ।

घटनाको सत्यतथ्य पत्ता लगाउन नवजात शिशु र आफ्नो डीएनए परीक्षणका लागि नमुना संकलन गरिदिन अरुणले शनिबार प्रहरीसमक्ष माग गरेका हुन्।

## कमला पुलमा आश्वासनको राजनीति, सञ्चालनको ............

बाँकी काम र ढिलाइको जिम्मेवारीबारे पनि नागरिकले स्पष्ट जानकारी पाउन सकेका छैनन्।

**निरीक्षणले होइन, कामले खुल्छ पुल**

कमला पुल सञ्चालनमा नआउँदा सिरहा र धनुषाका बासिन्दाले लामो समयदेखि आवागमनमा समस्या भोग्दै आएका छन्। पुल सञ्चालनमा आएपछि दुई जिल्लाबीचको यातायात सहज हुनुका साथै व्यापार, शिक्षा, स्वास्थ्य सेवा र स्थानीय आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

तर, पुलको निरीक्षण गर्नु, निर्माण कम्पनीलाई निर्देशन दिनु र सञ्चालनको मिति सार्वजनिक गर्नु मात्रै उपलब्धि होइन। त्यसका लागि निर्माणको बाँकी काम सम्पन्न हुनु, संरचनाको प्राविधिक परीक्षणबाट सुरक्षा सुनिश्चित हुनु र सम्बन्धित निकायबाट सञ्चालन अनुमति प्राप्त हुनु आवश्यक हुन्छ।

पुलको वास्तविक भौतिक प्रगति कति छ, निर्माणमा के-कस्ता काम बाँकी छन्, ढिलाइ हुनुको कारण के हो र सञ्चालनका लागि प्राविधिक तथा प्रशासनिक प्रक्रिया कहाँ पुगेको छ भन्ने विषयमा सम्बन्धित मन्त्रालय, आयोजना कार्यालय र निर्माण कम्पनीले सार्वजनिक रूपमा जवाफ दिनुपर्ने देखिन्छ।

**जनतालाई अब आश्वासन होइन, परिणाम चाहिएको छ**

एउटै पुलका लागि पटक-पटक फरक-फरक मिति घोषणा गरिए पनि ती मिति कार्यान्वयनमा नआउनुले जनप्रतिनिधिहरूको कार्यक्षमता र जवाफदेहितामाथि प्रश्न उठाएको छ। हरेक निरीक्षणसँगै नयाँ समयसीमा सार्वजनिक गर्ने तर पुरानो प्रतिबद्धता पूरा नहुने अवस्था दोहोरिँदा नागरिकमा निराशा बढ्नु स्वाभाविक हो।

अब कमला पुल कहिले सञ्चालन हुन्छ भन्ने प्रश्नको जवाफ अर्को मिति घोषणा गरेर होइन, निर्माण सम्पन्न भएको प्रमाण, प्राविधिक सुरक्षा परीक्षण र औपचारिक रूपमा यातायात सञ्चालन गर्ने निर्णयबाट दिनुपर्नेछ।

सिरहा र धनुषाका नागरिकका लागि कमला पुल राजनीतिक आश्वासन र प्रचारको विषय होइन, दैनिक आवागमन तथा आर्थिक जीवनसँग प्रत्यक्ष जोडिएको महत्त्वपूर्ण पूर्वाधार हो। त्यसैले सांसद तथा मन्त्रीहरूले विगतका प्रतिबद्धता पूरा हुन नसक्नुको कारण सार्वजनिक गर्दै पुल सञ्चालनको यथार्थपरक समयसीमा र त्यसको कार्ययोजना नागरिकसमक्ष प्रस्तुत गर्न आवश्यक छ।





माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।



# रास्वपा सचेतकको रिपोर्ट कार्ड: संसद्मा विषय उठान धेरै, उपलब्धिको विवरण कम

**अपन दैनिक संवाददाता**
**काठमाडौं, कार्तिक ०७ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का संसदीय दलका सचेतक प्रकाशचन्द्र परियारले प्रतिनिधिसभाको दोस्रो अधिवेशनमा गरेका गतिविधि र भूमिकाको विवरणसहित आफ्नो रिपोर्ट कार्ड सार्वजनिक गरेका छन्।



सार्वजनिक जवाफदेहीताको उद्देश्यसहित सार्वजनिक गरिएको रिपोर्ट कार्डमा जनसरोकारका मुद्दा उठान, विधेयकमाथिको संशोधन तथा टिप्पणी, संसदीय समन्वय र समितिगत गतिविधिलाई समेटिएको छ।

रिपोर्ट कार्डअनुसार परियारले दोस्रो अधिवेशनमा सामाजिक न्याय, दलित अधिकार, सुशासन, जनजीविका, जलवायु न्याय, प्रेस स्वतन्त्रता, शिक्षा, स्वास्थ्य र सार्वजनिक जवाफदेहितासँग सम्बन्धित विषयमा सदनको ध्यानाकर्षण गराएका थिए।

परियारको रिपोर्ट कार्डमा सहकारी क्षेत्रका समस्या, सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनी व्यवस्था, नागरिक अधिकार र सामाजिक न्यायका विषयलाई प्राथमिकतामा राखिएको उल्लेख छ।
त्यस्तै, आत्महत्या रोकथाम, मानसिक स्वास्थ्यसम्बन्धी सचेतना, प्रेस स्वतन्त्रता र सामाजिक रूपान्तरणका विषयमा पनि उनले आवाज उठाएको विवरणमा जनाइएको छ।

जलवायु न्याय, ध्वनि प्रदूषण, कृत्रिम अभाव र कालोबजारी नियन्त्रणका विषयमा सरकारको ध्यानाकर्षण गराइएको रिपोर्ट कार्डमा उल्लेख छ। दलित समुदायमाथिको ऐतिहासिक विभेद अन्त्य, दलित अधिकारको संरक्षण तथा सार्वजनिक शिक्षा र स्वास्थ्य सेवामा सुधारको आवश्यकतालाई पनि उनले उठाएका छन्।

विधायिकी प्रक्रियामा सहभागितालाई पनि रिपोर्ट कार्डमा महत्त्व दिइएको छ।

विवरणअनुसार परियारले सहकारी (पहिलो संशोधन) विधेयक, २०८३ माथि संशोधन तथा टिप्पणी गरेका छन्।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी तेस्रो संशोधन विधेयक, नेपाल विशेष सेवा विधेयक, फौजदारी कसुरसँग सम्बन्धित विधेयक र प्रतिनिधिसभा नियमावलीका विषयमा समेत समर्थन, संशोधन वा टिप्पणी प्रस्तुत गरेको रिपोर्ट कार्डमा उल्लेख छ।

उनले आर्थिक वर्ष २०८३/०८४ को बजेटमाथि पनि सदनमा आफ्नो धारणा राखेका थिए। यी गतिविधिलाई रिपोर्ट कार्डमा कानुन निर्माण र नीतिगत बहसमा उनको सहभागिताका रूपमा प्रस्तुत गरिएको छ।

संसदीय दलको सचेतकका रूपमा परियारले सांसदहरूबीच समन्वय, दलको नीति तथा धारणाअनुसार संसदीय गतिविधि सञ्चालन र विधायिकी कार्यव्यवस्थामा सहजीकरणलाई प्राथमिकता दिएको विवरणमा उल्लेख छ।

संसदीय दलका बैठकमा उपस्थिति, सांसदहरूबीच परामर्श, संसदीय मर्यादा र प्रक्रियाको पालना तथा सदनमा पार्टीको भूमिका प्रभावकारी बनाउने प्रयासलाई पनि रिपोर्ट कार्डमा समेटिएको छ।

कानुन निर्माण, न्याय तथा मानव अधिकारसँग सम्बन्धित संसदीय समितिका बैठक र छलफलमा सहभागिता जनाएको विवरणसमेत रिपोर्ट कार्डमा छ। समितिगत काममार्फत विधेयकको अध्ययन, कानुनी व्यवस्थामाथिको छलफल र नीतिगत विषयमा योगदान पुऱ्याएको उल्लेख गरिएको छ।

यसका अतिरिक्त सामाजिक रूपान्तरण, साहित्यिक बहस, पुस्तक विमोचन, शैक्षिक परामर्श तथा राजनीतिक दलसँग सम्बन्धित छलफलमा संसदीय दलका तर्फबाट सहभागिता जनाएको विवरण पनि सार्वजनिक गरिएको छ।

रिपोर्ट कार्डले दोस्रो अधिवेशनमा परियारको भूमिका मुख्यतः जनसरोकारका मुद्दा उठाउने, कानुन निर्माण प्रक्रियामा सहभागी हुने र संसदीय दलभित्र समन्वय गर्ने विषयमा केन्द्रित रहेको देखाएको छ।

यद्यपि, रिपोर्ट कार्डमा गतिविधि र सहभागिताको विवरण प्रस्तुत गरिए पनि ती पहलबाट भएका ठोस उपलब्धि, सरकारको जवाफ, संशोधनको परिणाम तथा नागरिकको जीवनमा परेको प्रभावसम्बन्धी मापनयोग्य विवरण भने समेटिएको छैन। यसो भए सार्वजनिक जवाफदेहिताको अभ्यास अझ अर्थपूर्ण हुन सक्छ।




# ६ महिनाभित्र जानकी आँखा अस्पतालको अवस्था सुधार गर्छौं: मनिष झा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, कार्तिक ०७ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले जनकपुरधामस्थित श्री जानकी आँखा अस्पताललाई ६ महिनाभित्र सुधार गरी व्यवस्थित बनाउने बताउनुभएको छ।

अस्पतालको निरीक्षण गर्दै सांसद झाले अस्पतालको भौतिक संरचना, जनशक्ति व्यवस्थापन र आर्थिक सुशासनमा सुधार गरी ६ महिनाभित्र देखिने परिवर्तन ल्याउने बताउनुभएको हो। जनकपुरधामको पहिचानसँग जोडिएको जानकी आँखा अस्पतालमा पर्याप्त भौतिक संरचना र आर्थिक स्रोत हुँदाहुँदै पनि त्यसको प्रभावकारी उपयोग हुन नसकेको उहाँले बताउनुभयो।

अस्पतालमा करिव २२ करोड रुपैयाँ कोषमा रहेको उल्लेख गर्दै उहाँले उक्त रकम पूर्वाधार स्तरोन्नति र सेवा विस्तारमा उपयोग गर्ने बताउनु भयो। उहाँले अस्पतालको कमजोर व्यवस्थापन र कर्मचारीको कार्यशैलाई सुधार गर्न आवश्यक रहेको बताउनु भयो। अस्पतालको सुधारमा कर्मचारीबाट असहयोग भएमा कारबाही गर्ने उहाँको भनाई छ।

काम नगरी तलब लिने वा अस्पतालको जिम्मेवारीमा रहेर अन्यत्र निजी व्यवसाय सञ्चालन गर्ने कर्मचारीमाथि कारबाही गर्ने उहाँले बताउनु भयो। विगतमा केही कर्मचारीले अस्पतालबाट तलव लिएर बाहिर औषधि पसलमा समय बिताउने गरेको उहाँको भनाई छ। त्यस्तै, गार्डेनरको तलब मासिक ७५ हजार रुपैयाँ रहेको तर अस्पताल परिसर व्यवस्थित नभई झाडीमा परिणत भएको उहाँले बताउनुभयो।

उहाँले अस्पतालमा प्राविधिक जनशक्ति थप्ने र कर्मचारीको अनुपात मिलाउने बताउनु भयो। अस्पतालमा प्रशासनिक कर्मचारीको तुलनामा प्राविधिक जनशक्ति कम रहेको उहाँको भनाई छ। उहाँकाअनुसार अस्पतालमा करिव १० जना प्राविधिक र ३० जना प्रशासनिक कर्मचारी रहेका छन्। दुई जना सर्जनले मात्रै ठूलो अस्पतालको सेवा आवश्यकताअनुसार सञ्चालन गर्न कठिन हुने भन्दै उहाँले दक्ष चिकित्सक तथा प्राविधिक जनशक्ति थप्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, 'जानकी आँखा अस्पताल पनि जनकपुरको लागि एउटा परिचय हो। सीमावर्ती क्षेत्र भएकोले भारतबांट पनि धेरै बिरामीहरू उपचारको लागि यहाँ आउने गरेका थिए। तर बीचमा आएर दलीयकरण, अनावश्यक स्वार्थहरूले गर्दाखेरि यो ठाउँ अलि थलथलिएको थियो, अलि कमजोर, जर्जर अवस्थामा पुगेको थियो। अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार आएपछि हामीले नयाँ नेतृत्व दिएर यसलाइ परिवर्तनका प्रयासहरू गर्दैछौं। ६ महिनाको कार्यनीति बनाएर हामी यसमा काम गर्दैछौं। यति ठूलो रिसोर्स छ, सहरको बीचमा २ बिघाभन्दा धेरै जमिन, यति भवनहरू, ७ सय भन्दा धेरैलाई दैनिक उपचार दिइराखेको, यति राम्रो ठाउँ। तर यसको सदुपयोग नभएको देख्दा चाहीँ दुःख लागेको छ।

तर हाम्रो जिम्मेवारी हो पनि हो, यसको सदुपयोग गर्ने। भारतमा क्रिकेट कहिलेदेखि राम्रो भयो भने त्यहाँको एकजना राजनीतिज्ञ शरद पवार जब बिसीसीआईको अध्यक्ष हुनुभयो, अनि राम्रो भयो। त्यसपछि दलीयकरण के को लागि गर्ने ? दलीयकरण प्रगतिको लागि गर्ने हो, उत्साहजनक उन्नतिको लागि गर्ने हो। हामी पहिलाको जस्तै दलीय प्रतिनिधिहरूलाई नियुक्ति दिएर आम्दानीको स्रोत बनाउने, नेताहरूको प्लेनको टिकट किन्ने, होटलको बिल तिर्ने संस्थाको रूपमा यसलाई बनाउने छैनौ, ६ महिनामा हामी परिवर्तित जानकी आँखा अस्पताल देखाउने छौं।

कर्मचारीले पहिला-पहिला घाम तापेर तलब थाप्नुहुन्थ्यो, बाहिर औषधि पसलमा दिनभरि बस्नुहुन्थ्यो। यहाँको गार्डेनरको मात्र ७५ हजार तलब थियो, तर गार्डेन थिएन, यो जङ्गल थियो। त्यो कर्मचारीहरूलाई पक्कै अप्ठ्यारो लाग्छ, अब काम गर्न। तर कोही सही नियतले आउनुहुन्छ तर नेतृत्वले वा म्यानेजमेन्टले डिस्टर्ब गरिरहेको छ भने हामीले सुधार्नुपर्छ। तर यहाँको तलब थाप्ने, बाहिर काम गर्ने, यहाँको तलब थाप्ने, आफ्नो पसल चलाउने, गार्डेनरले ७५ हजार तलब खाने र जङ्गल बनाएर राख्नेहरूलाई त कारबाही हुनैपर्छ।



अहिले यहाँ दुईजना मात्र सर्जनले यत्रो ठूलो प्रोपर्टी र दैनिक ७ सय जनालाई राम्रो सेवा दिन सक्दैन। त्यसैले त्यो थप्नुपर्छ। अनावश्यक प्रशासनमा कर्मचारी थपिएको छ। यहाँ प्राविधिक १० जना छ, प्रशासनिक ३० जना छ। तर अस्पतालमा प्रशासन १० जना, प्राविधिक ३० जना हुनुपर्ने हो। त्यसको रेसियो पनि मिलाउने छौं।' सांसद झाले अस्पताललाई उपचारमा सिमित नराखी स्थानीय नागरिकसँग जोडिएको संस्थाका रूपमा विकास गर्ने बताउनुभयो।

अस्पताल परिसरमा रहेको ठूलो खुला क्षेत्रलाई मर्निङ वाक, वाकिङ ट्रेललगायत नागरिकले उपयोग गर्न सक्ने संरचनामा विकास गर्ने उहाँको भनाई छ। धरानस्थित वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्थानीय नागरिकसँग बनाएको सम्बन्धको उदाहरण दिँदै उहाँले जानकी आँखा अस्पताललाई पनि जनकपुरधामको पहिचान र नागरिकको अपनत्वसँग जोड्नुपर्ने बताउनु भयो।

उहाँले भन्नुभयो, 'जनकपुरको नागरिकले यो पनि मेरै ठाउँ हो है भन्ने संस्थाको रुपमा हामीले यसलाई विकास गर्नुपर्छ। यहाँ लगभग १० कठ्ठा जतिको एरिया ठूलो ग्राउण्ड छ, त्यसलाई हामीले नागरिकलाई प्रयोग गर्न सक्नेगरी वाकिङ ट्रेल, मर्निङ वाक गर्ने ठाउँ बनाइदिनुपर्छ। यसले नागरिक यो इन्स्टिच्युसनसँग जोडियोस्। धरानमा देखेका छौं, बिपी कोइराला इन्स्टिच्युसनले यति राम्रो त्यो नागरिकलाई जोडेको छ।

## सप्तरीमा महिलामाथि सामूहिक बलात्कार ............

अबेरसम्म घर नपुगेपछि खोजीमा निस्किएका आफन्त र स्थानीयवासीले उनलाई घटनास्थलबाट उद्धार गरेका थिए।

पीडित परिवारका अनुसार घटनापछि गाउँका केही अगुवाले घटना सामसुम पार्न विभिन्न प्रलोभन दिएको आरोपसमेत लगाएका छन्। सो घटनामा गाउँकै तीन जना युवाहरूको संलग्नता रहेको एक जना १९ वर्षीय युवा र दुई जना २१ मुनिको रहेको बताएको छ।

घटनाबारे पीडितले ५ गते बिहीबार साँझ करिब ५ बजे इलाका प्रहरी कार्यालय कडरबोनामा जाहेरी दिएकी थिइन्। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक रूपक खड्काले घटनामा संलग्न भएको आरोप लागेका व्यक्तिहरूको पहिचान भइसकेको र उनीहरूलाई नियन्त्रणमा लिन खोजी भइरहेको साथै घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

